आज मिति २०८० बैशाख ३१ गते विहान ११ बजे भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाङ्गी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री मानबहादुर ठाडा, लेखा अधिकृत आठौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री बीर बहादुर चुनारा, कार्यालय सहयोगी

निर्णय प्रमाणित

| क्र.स. | एजेण्डाहरु |
|---|---|
| १. | सडक बोर्डको योजना संचालन सम्वन्धमा । |
| २. | जल जंगल परियोजना अन्तर्गतको कार्यक्रम संचालन सम्वन्धमा । |
| ३. | कृषि विकास निर्देशनालयलाई योजना छनौट गरि पठाउने सम्वन्धमा । |
| ४. | आ.ब २०८०।०८१ को नीति कार्यक्रम तथा बजेट तर्जुमा सम्वन्धमा । |
| ५. | धार्मिक तथा साँस्कृतिक संरक्षण कार्यक्रमको बजेट सम्वन्धमा । |
| ६. | नगरपालिका र सहकारी साझेदारी कार्यक्रमको बजेट सम्वन्धमा । |
| ७. | बिज्ञापन कर ब्यबस्थापन सम्वन्धमा । |
| ८. | विविध सम्वन्धमा । |

<u>मिति २०७९।०१।३१ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :</u>

**प्रस्ताव नं. ०१ : सडक बोर्डको योजना संचालन सम्वन्धमा ।**

**निर्णय नं. ०१ :** भेरीगंगा नगरपालिकावाट माग गरिएका तपशिलका योजनाहरु सडक बोर्डवाट स्वीकृत भई आएकोले ति योजनाहरु वि स २०८० असार मसान्तसम्म सम्पन्न गरिसक्नुपर्ने भएको हुँदा यथासिघ्र काम सम्पन्न गर्नको लागि उक्त योजनाहरुको तत्काल ठेक्का तथा टेन्डर प्रक्रिया अगाडी बढाउने र समय अभावको कारण काम सम्पन्न हुन नसकेमा सडक बोर्डलाई ती योजनाहरु क्रमागत रुपमा आगामी आ ब २०८०।०८१ मा पनि निरन्तरताका लागि माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपशिल</u>

| सिन | सडकको नाम | किसिम | कुल लम्वाई किमि | मर्मत लम्वाई किमि | कुल लागत रु | सडक बोर्डले बेहोर्ने रकम रु |
|---|---|---|---|---|---|---|
| १ | गणेशपुर टोल सडक मर्मत | ग्राभेल | ५.०० | ०.५० | २,६०१,५७२.३ | १८,११,०००.० |
| २ | कुमारी बैंक गोलपार्क सडक मर्मत | कालोपत्रे ।ग्राभेल | ५.०० | ०.१५ | २,०००,४६५.८ | १४,००,०००.० |
| ३ | रामघाट प्रहरी चौकी अगाडीको सडक मर्मत | ग्राभेल | २.०० | ०.५० | ५,००,०८२.३ | ३,५०,०००.० |
| ४ | टपरीचुलो एकताटोल सडक मर्मत | ग्राभेल | १.२० | ०.१७ | ७,००,६१८.८ | ४,९०,०००.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | झिगनि स्कुल पूर्व तर्फको सडक मर्मत | ग्राभेल | ५.०० | ५.०० | ४,९९,८३६.६ | ३,४९,०००.० |
| जम्मा | | | | | ६,३०२,५७५.८ | ४,४००,०००.० |

**प्रस्ताव नं. ०२ : जल जंगल परियोजना अन्तर्गतको कार्यक्रम संचालन सम्वन्धमा ।**

**निर्णय नं. ०२ :** यस भेरीगंगा नगरपालिकामा जल जंगल परियोजनाका कार्यक्रमहरु संचालन सम्वन्धी एजेण्डा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : कृषि विकास निर्देशनालयलाई योजना छनौट गरि पठाउने सम्वन्धमा ।**

**निर्णय नं. ०३ :** कृषि बिकास निर्देशनालयवाट आ ब २०८०।०८१ मा सुर्खेत जिल्लामा संचालन गरिने कार्यक्रमहरुमा यस नगरपालिकावाट तपशिलका पकेट क्षेत्र तथा बाली उत्पादन विशेष क्षेत्र एकिन गरि वडास्तरवाट प्राप्त भएका योजनाहरुलाई पालिकास्तरमा देहायबमोजिम प्राथामिकिकरण गरी पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपशिल**

**१. पकेट क्षेत्र बालीतर्फ**

| क.स | बालि | पकेट क्षेत्र तथा बाली उत्पादन विशेष क्षेत्र |
|---|---|---|
| १ | तरकारी | भेरीगंगा ४,५,६,७,८,९,१०,११, १२, १३ |
| २ | फलफुल(आप लिचि केरा कागती र सुन्तला) | भेरीगंगा १,२, ३, ४,५, ६, ७,११र १३ |
| ३ | धान | भेरीगंगा २, ३,४,५,६,७, ८, ९ ,१०, १२,१३ |
| ४ | गहु | भेरीगंगा ३,४ ,५ ,६ ,७, ८, ९, १०, ११, १२ र १३ |
| ५ | मकै | भेरीगंगा १,२,३,४,५,६,७,८,९,११,१३ |
| ६ | आलु | भेरीगंगा ४ ,५ ,६ ,७ ,८ ,९ ,१० ,११ ,१२ ,१३ |
| ७ | अदुवा / बेसार | भेरीगंगा १,२,३, ४, ५, ६,७, ११ र १३ |

**२. पकेट क्षेत्र पशुपंक्षितर्फ**

| क.स | बालि | पकेट क्षेत्र तथा बाली उत्पादन विशेष क्षेत्र |
|---|---|---|
| १ | बाख्रा पालन | भेरीगंगा १,२,३,४,५,६,७,१३ |
| २ | गाई/ भैसी पालन | भेरीगंगा ४,५,६,७,८, ११,१२ र १३ |
| ३ | बंगुर पालन | भेरीगंगा ६,७,१०,१२ |
| ४ | कुखुरा पालन | भेरीगंगा २,४,५,६,९,१०,११,१२,१३ |

**३. प्राप्त योजनाहरु**

निर्णय प्रमाणित

| क्र.स | कार्यक्रम/योजनाको नाम | संचलन गरिने क्रियाकलाप | अनुमानित बजेट रु. |
| --- | --- | --- | --- |
| १ | साना सिचाई तथा मर्मत कार्यक्रम | समैजीघाट लिफ्ट मोटर सिचाई कार्यक्रम भेरीगंगा २ | ८ लाख |
| | | मोहटी लिफ्ट मोटर सिचाई कार्यक्रम भेरीगंगा २ | ८ लाख |
| | | मनिटार कुलो सिंचाई भेरीगंगा २ | ३ लाख |
| | | सनिमोर लिफ्ट मोटर सिचाई कार्यक्रम भेरीगंगा २ | ८ लाख |
| | | पुरानोगाँउ मुलपानी सिचाई कुलो निर्माण भेरीगंगा -३ | १०लाख |
| | | माथिल्लो नेवार टोल देखि लामापाटा सम्म सिचाई कुलो निर्माण भेरीगंगा -३ | १० लाख |
| | | धोद्रे आँप सिचाई कुलो निर्माण भेरीगंगा ३ | १० लाख |
| | | सानो हर्रे अम्लीसेनी सिचाई पाईप खरिद र मर्मत भेरीगंगा-४ | ५ लाख |
| | | ताउले लिफ्ट सिचाई मर्मत भेरीगंगा-४ | ५ लाख |
| | | बाउनीचौर सिचाई कुलो मर्मत भेरीगंगा ४ | ५ लाख |
| | | साना सिचाई निर्माण तथा मर्मत कार्यक्रम भेरीगंगा ५ कालीदमार टोली खोला | ३ लाख |
| | | साना सिचाई निर्माण तथा मर्मत कार्यक्रम भेरीगंगा ५ लेखहात्ति खाल | ३ लाख |
| | | साना सिचाई निर्माण तथा मर्मत कार्यक्रम भेरीगंगा ५ बबई | ३ लाख |
| | | राउटे बस्ने सिचाई कुलो निर्माण आयोजना भेरीगंगा-६ | १० लाख |
| | | गैरा बस्ती डुमकोट सिचाई कुलो नर्माण भेरीगंगा -७ | १० लाख |
| | | कैनपानी सिचाई कुलो निर्माण भेरीगंगा -७ | ८ लाख |
| | | सामाखोर सिचाई कुलो निर्माण भेरीगंगा ७ | ८ लाख |

CamScanner

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| | | धारापानीटोल सिंचाई नाला निर्माण भेरीगंग ८ | १० लाख |
| | | ठुलोजात्री भेरी हरियाली भेरीगंगा ९ | १० लाख |
| | | लाखटिटोल लिफ्ट सिंचाई भेरीगंगा ९ | १० लाख |
| | | सिचाई कुलो तथा मोटर खरिद भेरीगंगा १० | २० लाख |
| | | माछेताल सिंचाई कुलो निर्माण भेरीगंगा ११ | १० लाख |
| | | दर्माली चाँदनी टोल लिफ्ट सिंचाई योजना भेरीगंगा ११ | १० लाख |
| | | पाडुले सिचाई कुलो र ड्याम निर्माण भेरीगंगा -१२ | १० लाख |
| | | पाडुले ड्याम निर्माण भेरीगंगा -१२ | १०लाख |
| | | पटारे लिफ्ट सिचाई भेरीगंगा १२ | १०लाख |
| | | करेली खोला अमलाचौर सिंचाई योजना भेरीगंगा १३ | १० लाख |
| २ | कृषि यान्त्रीकरण कार्यक्रम | धान बताउने पंखा वितरण कार्यक्रम भेरीगंगा-३ | ५ लाख |
| | | मिनिटिलर मेशिन थान वितरण भेरीगंगा-४ | १० लाख |
| | | च्यापकटर वितरण भेरीगंगा ६ | ५ लाख |
| | | मिनिटिलर वितरण भेरीगंगा ६ | ५ लाख |
| | | मिनिटिलर वितरण भेरीगंगा ७ | ५ लाख |
| | | च्यापकटर वितरण भेरीगंगा ७ | ५ लाख |
| | | मिनिटिलर खरिद भेरीगंगा १० | ५ लाख |
| | | मिनिटिलर थ्रेसर मेशिन अनुदान भेरीगंगा १२ | ५ लाख |
| | | फ्रुटस्प्रे, मिनिटेलर, हार्भेस्टिङ औजार भेरीगंगा ११ र १३ | २० लाख |

CamScanner

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| ३ | फलफुल प्रवर्द्धन कार्यक्रम | आप र लिचि खेति प्रवर्द्धन कार्यक्रम भेरीगंगा ११ र १३ | २० लाख |
| | | हर्रे मसिना किवी खेती भेरीगंगा ४ | ५ लाख |
| | | अमिला जात तथा कागती खेती प्रवर्द्धन कार्यक्रम भेरीगंगा ३ र ५ | ५ लाख |
| | | केरा खेती प्रवर्द्धन कार्यक्रम भेरीगंगा ५ | ५ लाख |
| | | कागती खेती प्रवर्द्धन कार्यक्रम भेरीगंगा ६ | ५ लाख |
| | | आप लिचि कागती खेती भेरीगंगा ७ | ५ लाख |
| | | आप, लिचि, केरा, नर्सरी प्रवर्द्धन कार्यक्रम भेरीगंगा १० | ३ लाख |
| ४ | चक्लाबन्दी/ बाँझो जग्गा सदुपयोग कार्यक्रम तथा व्यवसायिक कृषि गर्ने कृषकलाई जग्गा भाडमा अनुदान कार्यक्रम | चक्लाबन्दी भेरीगंगा ५ | १० लाख |
| | | जग्गा भाडामा लिई व्यावसायिक रुपमा कृषि तथ पशु व्यावसाय गर्ने कृषि व्यावसायीहरुलाई जग्गा भाडा अनुदान भेरीगंगा ७ | १० लाख |
| ५ | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य शुरक्षा कार्यक्रम | मुल/उन्नत जातको धान गहू मकै वीउ वितरण सबै वडाहरुमा | ८ लाख |
| ६ | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली संरक्षण कार्यक्रम | भगवती टोल रैथाने आलु उत्पादन भेरीगंगा ६ | ८ लाख |
| ७ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (ब्लक विकास) कार्यक्रम | बेसार ब्लक भेरिगंगा ७ | ५ लाख |
| | | उन्नत जातको बोका तथा पाठी वितरण कार्यक्रम भेरीगंगा २ | १० लाख |
| | | आलु ब्लक भेरीगंगा १० | ३ लाख |
| | | हर्रे मसिना अदुवा ब्लक भेरीगंगा ४ | १० लाख |
| | | मुरलीखोला तरकारी ब्लक भेरीगंगा ४ | |

CS CamScanner

निर्णय प्रमाणित

| | | | |
|---|---|---|---|
| | | बाउनीचौर र दमार गाउ धान ब्लक भेरीगंगा ४ | |
| | | तरकारी ब्लक भेरीगंगा ५ | ५लाख |
| | | मौरी बल्क भेरीगगा ५ | ५लाख |
| | | अदुवा ब्लक भेरिगंगा ५ | ५लाख |
| | | मौसमी तथा बेमौसमी तरकारी ब्लक भेरीगंगा ६ ठुलाखाल | २० लाख |
| | | उन्नत जातको बोका तथा पाठी वितरण कार्यक्रम भेरीगंगा ३ | ५ लाख |
| ८ | व्यावसायिक च्याउ मौरीपालन खाद्यन्न तथा तरकारी बीउ उत्पादन कार्यक्रम | बाउनीचौर च्याउ खेती भेरीगंगा ४ | १५ लाख |
| | | हर्रे मसिना र सुठा बारी मौरीपालन भेरीगंगा ४ | |
| | | मुरलीखोला तरकारी बीउ उत्पादनका तालिम , च्याउको बीउ व्यवस्थापन र तालिम भेरीगंगा४ | |
| | | च्याउ खेती प्रवर्द्धन कार्यक्रम भेरीगंगा ३ | ५ लाख |
| | | व्यावसायिक तरकारी उत्पादन भेरीगंगा ७ | ५ लाख |
| | | च्याउ र मौरीपालन भेरीगंगा १० | ५ लाख |
| | | व्यावसायिक तरकारी उत्पादन भेरीगंगा ११ | ५लाख |
| ९ | रोड कोरीडोर तरकारी प्रवर्द्धन कार्यक्रम | ठुलो हर्रे सानो हर्रे बेमौसमी तरकारी उत्पादन भेरीगंगा ४ | ५ लाख |
| | | मौसमी तथा बेमौसमि तरकारी उत्पादन भेरीगंगा ५ | ८ लाख |
| | | मौसमी तथा बेमौसमी तरकारी उत्पादन भेरीगंगा १० | २ लाख |
| | | कान्तीपुर टोल तरकारी उत्पादन भेरीगंगा ६ | ५ लाख |
| | | टनेलमा तरकारी खेती भेरीगंगा १२ | ५ लाख |

CamScanner

| | | | |
|---|---|---|---|
| १० | अन्य बाली विशेष तथा साझेदारीमा संचालन गरिने कार्यक्रमहरु | बाख्रापालन कुखुरा पालन भेरीगंगा १० | ८ लाख |

प्रस्ताव नं. ४ आ.ब २०८०।०८१ को नीति कार्यक्रमा तथा बजेट तर्जुमा सम्वन्धमा ।

निर्णय नं. ४ : आगामि आ ब २०८०।०८१ को नीति कार्यक्रम तथा बार्षिक बजेट तर्जुमा गर्नको लागि काम सुचारु गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ५ : धार्मिक तथा साँस्कृतिक संरक्षण कार्यक्रमको बजेट सम्वन्धमा ।

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिकाको आ ब २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार धार्मिक तथा साँसकृतिक संरक्षण कार्यक्रम अन्तर्गत रु ८००००० विनियोजन गरिएकोमा यस नगरपालिकामा रहेका तपशिलका धार्मिक संस्थाहरुलाई तपशिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

| क्र.स. | धार्मिक संस्थाको नाम | अबस्थित स्थान | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | मठमन्दीर मर्मत (हात्तिसुडे र बाउनिचौर) | भेरीगंगा ४ | १,००,००० | |
| २ | सन्तनिरङ्कारी गुरुद्धार मर्मत तथा ब्यवस्थापन | भेरीगंगा ९ | १,००,००० | |
| ३ | महिमा खिष्टियान चर्च मर्मत तथा ब्यवस्थापन | भेरीगंगा ९ | १,००,००० | |
| ४ | गड्स ओरसिप खिष्ठियान मण्डली निर्माण तथा ब्यवस्थापन | भेरीगंगा ११ | १,००,००० | |
| ५ | देउती राजी समाज, राजी संस्कृती जगेर्ना | भेरीगंगा १२ | १,००,००० | |
| ६ | शान्तेश्वर महादेव मन्दीर धार्मिक संग्रालय ब्यबस्थापन | भेरीगंगा ११ र १३ | १,००,००० | |
| ७ | गणेशपुरटोलमा गणेशको मन्दीर निर्माण, तथा ब्यवस्थापन | भेरीगंगा १२ | १,००,००० | |
| ८ | ईसाई समाज भेरीगंगा ब्यबस्थापन | भेरीगंगा १२ | १,००,००० | |
| कुल जम्मा | | | ८,००,००० | |

निर्णय प्रमाणित

**प्रस्ताव नं. ६ : नगरपालिका र सहकारी साझेदारी कार्यक्रमको बजेट सम्वन्धमा ।**

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिकाको आ ब २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार भेरीगंगा नगरपालिका र सहकारी साझेदारी कार्यक्रम अन्तर्गत रु १५,००,००० पन्ध्र लाख विनियोजन गरिएकोमा मिति २०८०।०१।२५ गते सहकारीहरुलाई सोको लागि प्रस्ताव पेश गर्न लगाईएकोमा प्राप्त प्रस्ताबहरु अध्ययन गरी सोको प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनको आधारमा संस्था छनौट गरी उक्त रकम विनियोजन गर्न उद्योग विकास तथा सहकारी शाखालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ७ : बिज्ञापन कर सम्वन्धमा ।**

**निर्णय नं. ७ :** बिज्ञापन कर सम्वन्धी प्रस्तावमा छलफल गर्दा कर संकलन गर्ने ठेक्का बाँकि रहेको ऋतिक मिडिया प्रा.लि. ललितपुरसंग परामर्स गरी अघिल्लो सम्झौताको रकम नघट्ने गरी उक्त मिडियासंग भएको सम्झौतालाई निरन्तरता दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ८ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ८ क)** सुधारियको चुलो कार्यक्रमको लागि विनियोजित रकम रु २,००,००० दुई लाख नेपाल पिडित समुदाय संरक्षण केन्द्रसंग साझेदारीमा गर्ने भनिएकोमा उक्त योजनालाई संशोधन गरी सो रकमवाट उक्त कार्यक्रम सुन्दर नेपाल संस्थासंगको साझेदारीमा संचालन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ८ ख) :** भेरीगंगा नगरपालिकाको फोहोरमैला ब्यबस्थापन केन्द्र निर्माणको काम टेण्डर प्रक्रियावाट सम्पन्न गर्ने भनि बोलपत्र प्रकाशन गरिएकोमा उक्त विधिवाट बोलपत्रदाताहरुले ठेक्का नहालेको र ठेक्का हालेका बोलपत्रदाताहरुको कागजात पुरा नभएकोले पुन बोलपत्र आह्वान गर्दा समय अभाव हुने भएकोले उक्त कार्य उपभोक्ता समितिवाट निर्माण सम्पन्न गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ८ ग) :** भेरीगंगा नगरपालिका वडा नं ८ मा रहेको भैनतडा स्वास्थ्य चौकिको भवन निर्माण र वडा नं ११ को रामघाटमा रहेको औद्योगिक ग्राम निर्माणको लागि ठेकेदार कम्पनीसंग गरिएको सम्झौताको समयसिमा समाप्त भएकोले ती योजना सम्पन्न गर्न सम्झौता गरिएका ठेकेदार कम्पनीसंगको सम्झौता अबधि २०८० असार मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ८ घ) : भेरीगंगा नगरपालिकाको आ ब २०७९।०८० को वार्षिक बजेटमा विनियोजन गरिएका तपशिलका वडागत योजनाहरुलाई वडा समितिको निर्णय बमोजिम संशोधनको लागि माग भई आएकोले ति योजनाहरुलाई माग भएबमोजिम संशोधन गर्ने र आगामी नगरसभामा अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

| क्र.स | साविक योजनाको नाम | वडा नं | रकम रु | संशोधित योजनाको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ नं वडा कार्यालयका रङरोगन तथा फर्निचर मर्मत | २ | १००००० | सत्तरी वाट मोहटी जाने वाटो मर्मत | ६००००० | दुईवटा योजनालाई मर्ज गरी एउटा योजना बनाईएको |
| २ | कार्यपालिकाको निर्णय अनुसार सत्तरीवाट मोहटी जाने बाटो मर्मत | २ | ५००००० | | | |
| ३ | समपुरक कोष | ९ | २००००० | झिङ्गिनखोला लिफ्ट सिंचाई मर्मत जनसेवा टोल | १००००० | एक वटा योजनालाई टुक्रयाएर दुईवटा बनाएको |
| | | | | भेरी पवित्रटोल हुँदै लालिगुँरास टोलमा लिफ्ट सिंचाई मर्मत | १००००० | |
| ४ | लक्षित वर्ग | १३ | १००००० | भुमि आयोग कार्यको ब्यबस्थापनमा खर्च | १००००० | |

निर्णय नं. ८ ङ) : भेरीगंगा नगरपालिका वडा नं ७ को वडा कार्यालय भवन निर्माणका लागि आ ब २०७९।०८० को सभावाट रु ८००००० विनियोजन गरिएकोमा वडा कार्यालयले उक्त भवन निर्माणका लागि जग्गा प्राप्ति गर्न नसकिएकोले उक्त रकम वडा नं ७ को लागि आगामि आ ब २०८०।०८१ को वार्षिक बजेटमा कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ८ च) : संघ र प्रदेश सरकार तथा अन्य बाह्य निकायवाट यस नगरपालिकालाई यस आ ब २०७९।०८० मा प्राप्त हुने योजना बाहेक यस कार्यपालिकावाट संशोधन भएका वडागत योजना तथा अन्य यस नगरपालिकाका योजनाहरुको सम्झौता गर्ने समयसिमा जेठ १५ गतेसम्मलाई तोक्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय प्रमाणित

**निर्णय नं. ८ छ)** : भेरीगंगा नगरकार्यपालिकाको बैठक विहान ११:०० बजेदेखि बस्दै आएकोमा टाढाबाट आउने सदस्यहरुको समयलाई समेत मध्यनजर गर्दै आगामी बैठकहरु दिउसो १:०० बजे देखि सुरु गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner